नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
(प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा)

फोन नं. ४४६५३६५
Email: info@deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०८१।८२
चलानी नं. : ९५२८

मिति: २०८२/०३/३२
ने.सं.११४५ दिल्लागा ६, बुधबार

विषय: एकीकृत निर्देशन, २०८२ जारी गरिएको सम्बन्धमा।

श्री सरोकारवाला सबै।

सहकारी ऐन, २०७४ मा भएको पछिल्लो संशोधन र सहकारी क्षेत्रमा आएको परिवर्तनलाई समेत सम्बोधन गरी सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्न आवश्यक देखिएकोले यस विभागको मिति २०८२/०३/३२ को निर्णयानुसार "**सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन, २०८२**" जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८२।०३।३२
उमेश ढुङ्गाना
रजिष्ट्रार

७. संस्थाले काउन्टरमा रहेको नगद, ढुकुटी (भल्ट) र मार्गस्थलको उचित सुरक्षा प्रबन्ध सहित अनिवार्य बिमा गर्नु पर्नेछ। कुनै कर्मचारी वा पदाधिकारीको बदनियत वा लापरबाहीका कारणले नगदको हिनामिना, हानी नोक्सानी, चोरी, लुटपाट जस्ता कार्य भएमा सम्बन्धित व्यक्तिलाई प्रचलित कानून बमोजिम संस्थाले कारबाहीको दायरामा ल्याउनु पर्नेछ।

८. सहकारी संघसंस्थाहरुले अधिकार प्राप्त अधिकारीको लिखित स्वीकृति नलिई प्रदेश कार्यालय, शाखा कार्यालय, उपशाखा कार्यालय, फिल्ड कार्यालय, सदस्य सेवा केन्द्र कार्यालय, बिक्री केन्द्र/कार्यालय आदि खोल्ने, स्थानान्तरण गर्ने लगायतका कार्य गरी सदस्य बनाई शेयर तथा बचत संकलन गर्ने, ऋण लगानी गर्ने/गराउने कार्य गर्न पाइनेछैन। स्वीकृति नलिई सञ्चालन गरेको भए तत्काल बन्द गरी विभागलाई जानकारी गराउनुपर्नेछ। स्वीकृति लिई सञ्चालन भएकोमा सोको जानकारी सम्बन्धित संस्था रहेको प्रदेश र स्थानीय तहलाई समेत दिनुपर्नेछ।

९. विनियम संशोधन गर्नुपरेमा सञ्चालक समितिको निर्णय र तीनमहले फाराम सहित सैद्धान्तिक स्वीकृतिका लागि रजिष्ट्रार समक्ष पेश गर्नुपर्नेछ। रजिष्ट्रारबाट सैद्धान्तिक स्वीकृति प्राप्त भएको वा कैफियत सहित फिर्ता प्राप्त भएकोमा त्यस्तो विषय समेत समावेश गरी साधारण सभाको निर्णय, संशोधित मस्यौदा र तीनमहले फाराम सहित रजिष्ट्रार समक्ष पुनः पेश गर्नुपर्नेछ।

१०. पेशागत आधारमा गठन भई दर्ता भएका वा सरकारको अधिकांश शेयर स्वामित्व रहेका संस्था बाहेकका संस्थामा सरकारी कोषबाट नियमित रुपमा तलब, भत्ता, सुविधा लिने व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित हुन वा बहाल रहन सक्ने छैन। त्यस्तो पदमा बहाल रहेको भए तत्काल राजिनामा दिई यसबाट रिक्त हुने पदमा निर्वाचनबाट पूर्ति गर्नु पर्नेछ।

## समिति/ उपसमिति तथा साधारण सभा सम्बन्धी

११. सहकारी संघसंस्थाहरुको जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन ऋण उपसमितिले जोखिमको विश्लेषण गरी सोको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नुपर्नेछ। सञ्चालक समितिले उक्त प्रतिवेदन र नियामक निकायबाट प्राप्त निरीक्षण तथा अनुगमनको प्रतिवेदनलाई साधारण सभामा छलफल गरी निर्णय गर्नुपर्नेछ।

उमेश ढुङ्गाना
रजिष्ट्रार

१२. सहकारी संघसस्थाहरुले कार्यालय भवन, जग्गा, गोदाम, शित भण्डार लगायतका अचल सम्पत्ति खरिद गर्नुपर्ने भएमा साधारण सभाबाट निर्णय गराई सदस्यको बचत रकम बाहेक जगेडा कोष र शेयर पूँजीको रकमबाट मात्र खरिद गर्नुपर्नेछ। यसरी खरिद गर्दा अनिवार्य रुपमा प्राथमिक पूँजीकोषको विश्लेषण गरी प्राथमिक पुँजी कोष र कुल बचत दायित्वको निर्धारित सीमाभित्र रही तत्काल कायम रहेको जगेडा कोषको पचास प्रतिशतभन्दा बढी खर्च गर्न पाईने छैन।

१३. कानूनमा संचालक समितिले गर्नु पर्ने भनी तोकिएको काम संचालक समितिले र साधारण सभाले गर्नुपर्ने भनी तोकिएको काम साधारण सभाले नै गर्नुपर्नेछ ।एकले अर्काको कार्यक्षेत्रमा हस्तक्षेप गर्नु हुँदैन।

१४. एउटै संस्थामा सोही अवधिमा एकै परिवारको एकभन्दा बढी व्यक्ति सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिको पदमा रहनु हुँदैन।

१५. सञ्चालक समितिले उपसमिति गठन गर्दा सञ्चालक समितिको सदस्यको संयोजकत्वमा अन्य २ जना शेयर सदस्य सदस्य रहने गरी गठन गर्नुपर्नेछ। सञ्चालक समितिका सदस्य, लेखा सुपरीवेक्षण समिति र अन्य उपसमितिहरुमा रहने सदस्यहरुले निर्वाचन भएको तीन महिना भित्र सहकारी सम्बन्धी तालिम लिनुपर्नेछ।

१६. कुनै पनि व्यक्ति कुनै एक तहको सहकारी संस्थाको समितिका पदाधिकारीमा दुई कार्यकालभन्दा बढी अवधिको लागि निर्वाचित हुन सक्नेछैन।

१७. साधारण सभाको बैठक बस्ने कम्तीमा तीस दिन अगावै बैठकको प्रस्तावसहित मिति, समय, स्थान तोकी सार्वजानिक सूचना जारी गर्नुपर्नेछ। यसरी सूचना जारी हुँदाका बखत कायम रहेका सदस्यहरुले मात्र निर्वाचन प्रयोजनार्थ आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछन्। समयमै साधारण सभा सम्पन्न गर्न नसक्ने मनासिव माफिकको कारण परेमा थप तीन महिनाभित्र साधारण सभा गर्नेगरी प्रस्तावित मिति सहित पूर्व स्वीकृतिका लागि पौष मसान्तभित्र रजिष्ट्रार समक्ष निवेदन दिनुपर्नेछ। रजिष्ट्रारबाट स्वीकृति प्राप्त भएकोमा स्वीकृत मितिमा नै साधारण सभा सम्पन्न गरी सो को प्रतिवेदन १५ दिनभित्र नियामक निकायमा पेश गर्नुका साथै कोपोमिस प्रणालीमा समेत प्रविष्टि गर्नुपर्नेछ। यस बुँदामा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षको साधारण सभा अर्को आर्थिक वर्षमा गर्नेगरी स्वीकृति दिइनेछैन।

उमेश ढुङ्गाना
रजिष्ट्रार

<u>सदस्य केन्द्रीयता सम्बन्धी</u>

१८. सहकारी संघसंस्थाहरुले सदस्य केन्द्रित भई सबै सदस्यहरुलाई समेट्ने गरी आफ्नो व्यावसायिक कारोबार सञ्चालन गर्नुपर्नेछ।

१९. संस्था संचालन गर्दा सदस्यको हक अधिकारको संरक्षणलाई विशेष ध्यान दिनुपर्नेछ। ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र महिलामैत्री पूर्वाधार बनाई सेवाप्रवाहमा समेत उच्च प्राथमिकता दिनुपर्नेछ।

२०. संस्थाको वित्तीय अवस्था, कर्जा सूचना केन्द्र र निक्षेप तथा कर्जा सुरक्षण कोषमा सदस्य भए/नभएको, शेयर सदस्यको विवरण सहित कोपोमिस प्रणालीमा आवद्ध भए/नभएको, संस्था नियमित रुपमा सञ्चालनमा रहे/नरहेको विषयमा सदस्य सदैव सचेत रहनुपर्नेछ।

२१. संस्थाले विस्तारित मञ्चको बैठक मार्फत संस्थाका कामकुरामा सदस्य सहभागितालाई प्रभावकारी बनाउनुपर्नेछ। सदस्यले संस्थाको साधारण सभा, विशेष साधारण सभा, बिस्तारित मञ्चको बैठक, औपचारिक कार्यक्रम र नियमित बचत लगायतका कार्यमा सक्रिय रुपमा अनिवार्य सहभागिता जनाउनुपर्दछ।

२२. संस्थाको विषयमा यथार्थ नबुझी आफन्त, नातागोता वा बजार प्रतिनिधिको मात्र विश्वासमा परेर सदस्य बन्ने, बचत जम्मा गर्ने, ऋण लिने र धितो जमानत दिने लगायतका कार्य गर्नु गराउनु हुँदैन।

२३. सहकारी संघसंस्थाका सदस्यले संस्थाको कार्यालय, सञ्चालक समिति, व्यवस्थापक, उपलब्ध सेवा, सदस्य भएपछि पालना गर्नुपर्ने शर्तहरु, आफ्नो भूमिका, जिम्मेवारी र बहन गर्नुपर्ने दायित्व जस्ता विषयमा निरन्तर जानकारी लिई राख्नुपर्दछ।

२४. सहकारी संघसंस्थाले प्रदान गर्ने सेवामा लाग्ने सेवा शुल्क, ब्याज, हर्जाना, सेवाको प्रकार, सेवा प्राप्त गर्ने प्रक्रिया, सेवा प्राप्त गर्दा लाग्ने समय, जिम्मेवार शाखा वा कर्मचारी र सेवाका शर्तहरु लगायतका विषयहरु समावेश गरी संस्थाको वडापत्र जारी गर्नुपर्नेछ।

२५. सहकारी संघसंस्थाले आफ्नो गतिविधिहरुलाई अनिवार्य रुपमा सूचना पाटीमा टाँस गर्नुपर्नेछ। दश करोडभन्दा बढी वार्षिक कारोबार हुने संस्थाले यस्तो विवरण आफ्नो वेभसाइटमा समेत नियमित रुपमा अद्यावधिक गरी सार्वजनिक गर्नुपर्नेछ। वेभसाइट नभएका सहकारी संस्थाहरुले फेसबुक/ट्वीटर लगायतका विद्युतीय सञ्चार माध्यमबाट सार्वजनिक गर्न सक्नेछन्।

उमेश ढुङ्गाना
रजिष्ट्रार

२६. सहकारी संघसंस्थाहरुले कुनै चिठ्ठा, उपहार, बढी ब्याज लगायतका प्रलोभनजन्य कार्य गरी सदस्य बनाउने, बचत सकंलन गर्ने तथा ऋण उपलब्ध गराउने गरी विज्ञापन वा प्रचारप्रसार गर्नु हुँदैन। संस्थाले कमिसन एजेन्ट राखी वा कसैलाई कमिसन बापत कुनै किसिमको पारिश्रमिक दिएर शेयर, बचत, ऋण वा अन्य कुनै प्रकारको रकम संकलन गर्न, गराउन हुँदैन।

२७. सहकारी संघसंस्थाले आफ्नो सम्पत्ति र दायित्व स्पष्ट रुपमा खुल्ने गरी संस्थाको संक्षिप्त विवरण र मूख्य गतिविधिहरु सहितको अनुसूची १ बमोजिमको स्वेतपत्र त्रैमासिक रुपमा जारी गर्नुपर्नेछ।

२८. सहकारी संघसंस्थाहरुले आफ्ना सदस्यहरुलाई वित्तीय साक्षरता र सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ।

२९. सहकारी संघसंस्थाले सदस्यलाई सेवा प्रदान गर्दा गैर सदस्य र तेस्रो पक्षको संलग्नतालाई कानून बमोजिम बाहेक पूर्ण रुपमा निरुत्साहित गर्नुपर्नेछ।

<u>आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी</u>

३०. सहकारी संघसस्थाहरुको सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, उपसमितिका पदाधिकारी र व्यवस्थापकले संस्था र सदस्यलाई हानी नोक्सानी पुग्ने गरी कामकारबाही गर्न गराउन हुँदैन। यसरी भए गरेको काम कारबाही उपर सम्बन्धित व्यक्ति नै व्यक्तिगत रुपमा उत्तरदायी हुनेछ।

३१. सहकारी संघसंस्थाले सञ्चालक, लेखा सुपरीवेक्षण समिति, कर्मचारी तथा सदस्यका लागि आचार संहिता तयार गरी अनिवार्य रुपमा कार्यान्वयन गर्नु, गराउनु पर्नेछ।

३२. सहकारी संघसंस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न लेखा सुपरीवेक्षण समिति सक्रिय रहने र समितिको राय, सुझाव तथा सिफारिसलाई प्रभावकारी बनाउने दायित्व सञ्चालक समितिको हुनेछ।

उमेश ढुङ्गाना
रजिष्ट्रार

## कोष व्यवस्थापन सम्बन्धी

३३. सहकारी ऐन, नियमावली र सहकारी संस्थाको विनियममा व्यवस्था भए बाहेकका कुनै पनि कोष खडा गरी रकम जम्मा गर्न पाईनेछैन। यस्तो प्रकारको कुनै कोष खडा गरी रकम जम्मा गरेको भए तत्काल जगेडा कोषमा सारी त्यस्ता कोष बन्द गर्नुपर्नेछ।

३४. कोषको रकम सम्बन्धित कोषको उद्देश्य बमोजिम मात्र खर्च गर्नुपर्नेछ।

३५. संस्थाले हरेक वर्ष सदस्यको कारोबारको आधारमा कानून बमोजिम संरक्षित पूँजी फिर्ता कोषबाट अनिवार्य रुपमा रकम फिर्ता गर्नुपर्नेछ। संरक्षित पूँजी फिर्ता कोषको रकमलाई फिर्ता गर्दा शेयर लाभांशमा नजोडी कानून बमोजिम भिन्दाभिन्दै फिर्ता गर्नुपर्नेछ।

३६. संस्थाले हरेक वर्ष नियमानुसार सहकारी प्रवर्द्धन कोषको रकम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको नाममा रहेका देहायका कुनै एक बैंक खातामा जम्मा गरी सो को विवरण कोपोमिस प्रणालीमा समेत प्रविष्टि गर्नुपर्नेछ।

अ. राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको च.हि.नं. १९६०१००००००००९००१

आ. कृषि विकास बैंक लिमिटेडको च.हि.नं. ०१-००२-०१५८२९७४-०१-५

इ. नेपाल बैंक लिमिटेडको च.हि.नं.२५९०१००००००२००७०००००१ KA.२.७.०.१

## बचत तथा ऋण परिचालन सम्बन्धी

३७. सहकारी संघसंस्थाले स्वीकृत विनियममा उल्लेख भएको शेयर पूँजीभन्दा बढी शेयर रकम संकलन गर्न पाइनेछैन। स्वीकृत शेयर पूँजीभन्दा बढी शेयर रकम संकलन गर्नुपर्दा अनिवार्य रुपमा विनियम संशोधन मार्फत शेयर पूँजीको सीमा वृद्धि गरेर मात्र गर्नुपर्नेछ।

३८. संस्थाको तत्काल कायम रहेको प्राथमिक पूँजी कोषको १५ (पन्ध्र) प्रतिशत भन्दा बढी हुने गरी प्रति सदस्य ऋण प्रवाह गर्न पाईनेछैन। यस प्रयोजनका लागि प्राथमिक पूँजी कोष भन्नाले शेयर पूँजी र जगेडा कोषलाई सम्झनुपर्नेछ।

३९. आफ्नै वा मानो नछुट्टिएको एकाघर परिवारको मञ्जुरीनामा लिएर बाहेक सहकारी संघसंस्थाहरुले आफ्ना सदस्यहरुलाई तेस्रो पक्ष धितो (Third Party Collateral) राखी ऋण प्रवाह गर्न पाईनेछैन। तर सहकारी बैंकको हकमा यो व्यवस्था लागु हुने छैन।

४०. संस्थाले ऋणीको सम्पत्ति धितो राखी बैंक तथा वित्तिय संस्था र सहकारी बैंकबाट ऋण लिदा ऋणी सदस्यले संस्थाबाट लिन कबुल गरेको ऋण रकमभन्दा बढी ऋण लिन पाउने

रजिष्ट्रार

छैन। संस्थाको संचालक समितिको सदस्यले आफ्नो स्वामित्वको सम्पत्ति धितो राखी आफु सम्बद्ध संस्थाको संस्थागत प्रयोजनका लागि लिईने ऋणलाई यस व्यवस्थाले बाधा पुर्याएको मानिने छैन।

४१. सहकारी संघसंस्थाहरुले तीन लाख रुपैयाँ भन्दा बढीको ऋण लगानी गर्दा व्यक्तिगत/सामूहिक धन जमानी वा धितो लिएर मात्र गर्नुपर्नेछ।

४२. ऋणको क्षेत्रगत वर्गीकरण गरी कुल ऋणको कम्तीमा ५० प्रतिशत ऋण उत्पादन तथा आयमूलक व्यावसायमा लगानी गर्नुपर्नेछ।

४३. सहकारी संघसंस्थाले ब्याजदर निर्धारण गर्दा सहकारी विभागले तोकेको सन्दर्भ ब्याजदरभन्दा बढी नहुनेगरी कायम गर्नुपर्नेछ। स्प्रेडदर ६ प्रतिशत भन्दा बढी नहुने गरी कायम गर्नुपर्नेछ।

४४. सहकारी संघसंस्थाको निष्क्रिय कर्जा (Non-Performing Loan) कुल ऋणको ५ प्रतिशत भन्दा कम कायम गर्नुपर्नेछ।

४५. सहकारी संघसंस्थाले प्रवाह गरेको ऋणलाई किस्ता/ब्याज भुक्तानी अवधिका आधारमा सक्रिय ऋण र निष्क्रिय ऋणको रुपमा वर्गिकरण गरी ऋण नोक्सानी कोषको व्यवस्था गर्नुपर्नेछ। तीन महिनासम्म भाका ननाघेको वा भाका नाघी तीन महिना व्यतित नभएको र सदस्यहरुको बचतको सुरक्षणमा प्रवाह गरेको (असल) ऋणका लागि १ प्रतिशत, ३ देखि ६ महिनासम्म भाका नाघेका (कमसल) ऋणका लागि २५ प्रतिशत, ६ देखि १२ महिनासम्म भाका नाघेका (शंकास्पद) ऋणका लागि ५० प्रतिशत र १२ महिनाभन्दा बढी भाका नाघेका (खराब) ऋणका लागि १०० प्रतिशत ऋण हानी व्यवस्था (Loan Loss Provision) गर्नुपर्नेछ। उल्लिखित व्यवस्था नगरी कृत्रिम रुपमा नाफा देखाई कुनै प्रकारको लाभांश वितरण गर्न पाईनेछैन, वितरण गरिएकोमा त्यस्तो रकम सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरी जगेडा कोषमा जम्मा गर्नुपर्नेछ।

४६. सहकारी संघसंस्थाहरुले घरजग्गा, उपकरण, कार्यालय सामान, नगद, पेश्की, चल्ती खाता लगायतका नकमाउने सम्पत्ति कुल सम्पत्तिको ५ प्रतिशत भन्दा कम कायम राख्नुपर्नेछ। प्रचलित कानून बमोजिम लिलाम प्रकृयाबाट सकार भई आएको गैर बैंकिङ्ग सम्पत्तिको लागि तत्कालका लागि १०० प्रतिशत कर्जा नोक्सानी कोषको व्यवस्था गर्नुपर्नेछ र छ महिनापछि यथाशिघ्र तरलतामा रुपान्तरण गर्नुपर्नेछ।

४७. सहकारी संघसंस्थाहरुले अचल सम्पत्ति बिक्री तथा अन्य लगानी लगायतका पूँजीगत सम्पत्तिको बिक्रीबाट भएको पूँजीगत नाफालाई जगेडा कोषमा नराखी सम्बन्धित आ.व.को नाफामा समावेश गरी वितरण/ खर्च गरेको पाइएमा सञ्चालक समिति र खाता संचालन गर्ने अधिकारीबाट दामासाहीले असुल उपर गरी संस्थाको जगेडा कोषमा जम्मा गर्नुपर्नेछ।

४८. सहकारी संघसंस्थाहरुले आफ्ना सदस्यलाई ऋण लगानी गर्दा शेयर संख्या, बचत कारोबार, व्यावसायिक योजना (Business Plan), धितो मूल्यांकन र तिर्न सक्ने क्षमता (Ability to Pay) को आधारमा ऋण लगानी गर्नुपर्नेछ। ऋण जारी भएपछि तोकिएको उद्देश्य वा प्रयोजनमा लगानी र प्रतिफल प्राप्त भए नभएको विषयमा निरन्तर निगरानी र अनुगमन गर्नुपर्नेछ।

४९. वित्तीय कारोबार गर्ने सहकारी संघसंस्थाले PEARLS Monitoring System लाई पालना गरी संस्थाको वित्तीय संरचनालाई PEARLS को मानकले तोकेको सूचक भित्र राखुपर्नेछ। साथै सबै सहकारी संस्थाले सदस्य केन्द्रीयता सूचकांक (MCI) का सूचकहरुको पूर्ण परिपालना गर्नुपर्नेछ।

<u>ऋण असुली सम्बन्धी</u>

५०. सहकारी संस्थाबाट ऋण लिएका सदस्यहरुले ऋण लिँदाको बखतमा तोकिएको शर्त बमोजिम साँवा, ब्याजको किस्ता तोकिएकै समयमा तिर्नुपर्नेछ।

५१. सहकारी संघ संस्थाले सदस्यलाई लगानी गरेको ऋण तोकिएको समयसिमा भित्र असुल उपर गर्नुपर्नेछ। ऋण असुलीका लागि संस्थाले प्रचलित कानून, संस्थाको विनियम र ऋण नीति समेतका आधारमा सम्पूर्ण प्रक्रिया अपनाई यथेष्ट प्रयास गर्नुपर्नेछ।

५२. संस्थाले यथेष्ट प्रयास तथा कारबाही गर्दा समेत असुली हुन नसकेमा कर्जा असुली गराई पाउन कर्जा असुली न्यायाधिकरण समक्ष उजुरी दिनुपर्नेछ।

५३. सहकारी संघसंस्था वा सदस्यलाई हानी नोक्सानी पुर्याउने उद्देश्यले नियम विपरित वा प्रक्रिया नपुर्याई लगानी गरिएको ऋण असुल हुन नसकेमा त्यस्तो निर्णयमा सहभागी हुने पदाधिकारी र संचालक समिति नै जिम्मेवार हुनेछन्।

तरलता व्यवस्थापन तथा स्रोत परिचालन सम्बन्धी

नेपाल सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग नयाँ बानेश्वर, काठमाडौं

५४. सहकारी संघसंस्थाहरुले सबै समयमा तरलता (Liquidity) कुल बचतको कम्तीमा १५ प्रतिशत कायम राख्नुपर्नेछ। सहकारी संघसंस्थाहरुले नियमित रुपमा तरलताको गणना गरी १५ प्रतिशत भन्दा कम तरलता रहेको अवस्थामा तत्काल सञ्चालक समितिको बैठकबाट तरलता व्यवस्थापनको उचित प्रबन्ध गर्नुपर्नेछ। तोकिए बमोजिमको तरलता व्यवस्था नगरी संस्थाले लाभांश वितरण गर्नुहुँदैन, गरेमा सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरी संस्थाको जगेडा कोषमा दाखिला गर्नुपर्नेछ।

५५. सहकारी संघसंस्थाहरुले ऋण लगानी गर्दा स्थानीय स्रोत साधनहरुको प्रभावकारी परिचालन, व्यावसायिकताको विकास, वातावरण संरक्षण, रोजगारी सिर्जना र उत्पादन अभिवृद्धि मार्फत गरिवी न्यूनीकरण र दिगो विकास हासिल हुने गरी उच्च प्राथमिकता दिनुपर्नेछ।

५६. सहकारी संघसंस्थाहरुले बाह्य ऋण कुल सम्पत्तिको ५ प्रतिशतभित्र कायम राख्नुपर्नेछ। नेपाल सरकारको स्वीकृतिमा बाह्य मुलुकबाट ऋण लिने संघसंस्था वा विशिष्टकृत सहकारी संघ वा दुई वा दुई भन्दा बढी संघसंस्थाले अन्तर सहकारी सहयोगको भावनाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन र सेवाको बजारीकरण गर्दा ५ प्रतिशतको सीमासम्बन्धी व्यवस्था लागू हुनेछैन।

कर्मचारी व्यवस्थापन सम्बन्धी

५७. सहकारी संघसंस्थाले आफ्नो कार्यबोझ विश्लेषणको आधारमा साधारण सभाबाट कर्मचारीको दरबन्दी र कर्मचारी सम्बन्धी कार्यविधि स्वीकृत गरी कर्मचारी पदपूर्तिको व्यवस्था मिलाउनुपर्नेछ।

५८. स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी भर्ना गरी तलब भत्ता भुक्तानी गरेको पाइएमा त्यसरी भुक्तानी गरेको सम्पूर्ण रकम सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुलउपर गरी संस्थाको खातामा दाखिला गर्नुपर्नेछ।

५९. सहकारी संघसंस्थाका कुनै पनि कर्मचारीलाई श्रम ऐनले निर्धारण गरेको न्यूनतम पारिश्रमिकमा नघट्ने गरी मासिक पारिश्रमिक अनिवार्य रुपमा उपलव्ध गराई सामाजिक सुरक्षा कोषमा समेत आवद्ध गराउनुपर्नेछ।

उमेश हजारा
रजिष्ट्रार

## अभिलेख तथा प्रतिवेदन प्रणाली सम्बन्धी

६०. सहकारी संस्थाले तोकिए बमोजिमको ढाँचामा प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिका बैठकहरूको छुट्टाछुट्टै कारबाही किताब, नगदी बही, सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा सङ्घ वा निकायसँग कुनै कारोबार गरेको भए त्यस्तो कारोबार देखाउने दर्ता किताब, शेयर दर्ता किताब, मालसामानको मौज्दात (स्टक) दर्ता किताब, ऋण लेनदेन दर्ता किताब, बेरुजु एवं सम्परीक्षण खाता, आम्दानी, खर्च, सम्पत्ति र दायित्वसम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू, हिसाब परीक्षण सूची, आय-व्यय र स्थिति विवरण पत्र, समय- समयमा विभागले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू तयार गरी राख्नुपर्नेछ।

६१. सहकारी संघसंस्थाहरुले वित्तीय कारोवार, सदस्यको विवरण, साधारण सभा, लेखा परीक्षण सम्बन्धी विवरण, मासिक/त्रैमासिक र वार्षिक विवरण तथा अन्य प्रतिवेदनहरु विभागमा रहेको एकिकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS www.copomis.gov.np) मार्फत् प्रतिवेदन गर्नुपर्नेछ साथै नियामक निकायमा समेत पेश गर्नुपर्नेछ ।

## लेखा र लेखा परीक्षणसम्बन्धी

६२. सहकारी संघसंस्थाले नेपाल सरकारबाट जारी गरेको लेखामान अनुरुप लेखा अभिलेख राख्नुपर्नेछ।

६३. सहकारी संघसंस्थाले अन्तिम लेखापरीक्षणका लागि २ जनासम्म वैकल्पिक सहित लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारणको निर्णय साधारण सभाबाट गर्नुपर्नेछ। यसरी गरिएको लेखापरीक्षक नियुक्ति सम्बन्धी जानकारी नियामक निकायलाई दिनुपर्नेछ।

६४. सहकारी संघसंस्थाले अन्तिम वा बाह्य लेखापरीक्षण गराउँदा राष्ट्रिय लेखामान अनुरुप लेखा राखे नराखेको, सहकारी ऐन नियम र यस निर्देशनको परिपालना भए नभएको, सम्पत्ति शुद्धीकरण निवारण कानून तथा निर्देशनको पालना भए नभएको, सहकारीका मानक अनुरुप लेखा राखे नराखे लगायतका विषयलाई समेटी लेखा परीक्षण प्रतिवेदन तयार पार्नुपर्नेछ।

६५. लेखापरीक्षकले लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रारम्भिक प्रतिवेदन व्यवस्थापकीय प्रतिक्रियाको लागि संस्था समक्ष पेश गर्नुपर्नेछ र यसरी पेश हुन आएको प्रतिवेदन उपर

सञ्चालक समितिमा छलफल गर्नुपर्नेछ। पचास करोडभन्दा बढी बचत परिचालन गरेको सहकारी संस्थाको हकमा त्यस्तो प्रतिवेदन नियामक निकायमा पठाउनुपर्नेछ।

६६. पाँच करोड रुपैंयाभन्दाबढी बचत सङ्कलन गरेको सहकारी संस्थाको हकमा लेखापरीक्षकले लेखापरीक्षकको विशेष टिप्पणीसहितको लङ्फर्म प्रतिवेदन समेत तयार गर्नुपर्नेछ। त्यसरी तयार पारेको लङ्फर्म रिपोर्ट लेखापरीक्षण प्रतिवेदन तयार पार्ने लेखापरीक्षकले अनिवार्य रुपमा नियामक निकायमा पेश गर्नुपर्नेछ।

६७. लेखापरीक्षण प्रतिवेदन अनिवार्य रुपमा नेपाली भाषामा समेत तयार गरी साधारण सभाबाट अनुमोदन गर्नुपर्नेछ र अनुमोदन भएको १५ दिनभित्र नियामक निकायमा पेश गर्नुपर्नेछ।

<u>सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी</u>

६८. सम्पति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्वन्धमा सदस्यहरुको पहिचान गरी सदस्य पहिचान फाराम (KYM) भराउनुपर्नेछ ।

६९. सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिका सदस्य र व्यवस्थापकको KYM विवरणमा राष्ट्रिय परिचयपत्र नम्बर सहित तीन महिनाभित्र अध्यावधिक गर्नुपर्नेछ। अन्य सदस्यको हकमा KYM नविकरण गर्दा र नयाँ सदस्यको हकमा सदस्य बनाउँदा अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र नम्बर सहित अध्यावधिक गर्नुपर्नेछ।

७०. सम्पति शुद्धीकरण निवारण सम्बन्धी आन्तरिक नीति तथा कार्यविधि साधारण सभाबाट पारित गरी लागु गर्नुपर्नेछ ।

७१. सम्पति शुद्धीकरण निवारण सम्बन्धी कार्यका लागि सञ्चालक समितिको निर्णयबाट कार्यान्वयन अधिकारी नियुक्ति गरी काममा लगाउनुपर्नेछ।

७२. सहकारी संघसंस्थाले अनिवार्य रुपमा नेपाल राष्ट्र बैंकमा रहेको वित्तीय जानकारी इकाइको goAML Software System मा आवद्द भई सीमा कारोवार प्रतिवेदन (TTR), संकास्पद कारोवार प्रतिवेदन (STR) र शंकास्पद गतिविधि प्रतिवेदन (SAR) पठाउनु पर्नेछ।

७३. सहकारी संघसंस्थाले संस्थागत जोखिमको पहिचान तथा मूल्यांकन गरी सो को प्रतिवेदन विभागमा पेश गर्नुपर्नेछ।

उमेश ढकाल
रजिष्ट्रार

७४. सहकारी संघसंस्थाले जोखिम मूल्यांकनको आधारमा सदस्यहरुलाई उच्चमध्यम तथा , न्यून स्तरमा वर्गीकरण गरी अभिलेख राख्नुपर्नेछ। साथै उच्च पदस्थ व्यक्तिको पहिचान गरी छुट्टै अभिलेख समेत राख्नुपर्नेछ।

७५. सहकारी संघसंस्थाले वास्तविक धनीको पहिचान गरेर मात्र कारोबार गर्नुपर्नेछ।

७६. सहकारी संघसंस्थाले सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रचलित कानून तथा विभागबाट जारी भएका निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ।

## आ.व.२०८१/८२ को लागि कर्जा पुनर्तालिकीकरण तथा खाताबन्दी सम्बन्धी विशेष व्यवस्था

७७. विशेष परिस्थितिमा बाहेक ऋणको पुनर्तालिकीकरण र पुनर्संरचना गर्न पाइनेछैन। तर नियमित रुपमा सञ्चालनमा रही कम्तीमा पछिल्लो आ.व. सम्म समष्टिगत विवरण कोपोमिस प्रणालीमा प्रविष्टि गरेका संस्थाले देहाय अवस्था पुरा भएमा सदस्यको माग, आवश्यकता र औचित्यता समेतको आधारमा आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिन भित्र बढीमा ३ महिनाको अवधिका लागि सञ्चालक समितिको निर्णयले पुनर्तालिकीकरण गर्न सक्नेछन।

अ. गत वर्ष खराब ऋणीको सूचीमा नपरेका,

आ. यस अघि यस्तो सुविधा नलिएका,

इ. कर्जामा पाकेको १० प्रतिशत व्याज भुक्तानी गरेका

७८. पुनर्तालिकीकरण गरेबापत ऋणी सदस्यबाट कुनै प्रकारको शुल्क/हर्जना लिन पाईनेछैन।

७९. कर्जा पुनरतालिकीकरण गर्नुपर्ने स्पष्ट आधारहरु प्रत्येक कर्जा फाईलमा संलग्न हुनुपर्नेछ।

८०. पुनरतालिकीकरण पश्चात कर्जा नोक्सानी व्यवस्थाबाट Write Back हुने अवस्था आएमा Write Back गरिए बराबरको रकम सञ्चित मुनाफा खाता खर्च गरी छुट्टै खातामा लेखाङ्कन गर्नुपर्नेछ। यसरी लेखाङ्कन गरिएको रकमबाट लाभांश तथा कर्मचारी बोनस वितरण गर्न पाइनेछैन।

८१. पुनर्तालिकीकरण गरिएका कर्जाको किस्ता लगातार ६ महिनासम्म नियमित भए पश्चात त्यस्ता कर्जाको कर्जा नोक्सानी व्यवस्थाबाट Write Back गरिएको रकम मात्र छुट्याई सञ्चित मुनाफा खातामा लेखाङ्कन गर्न सकिनेछ।

८२. आर्थिक वर्ष २०८१/८२ को ब्याज २०८२ श्रावण १५ गतेभित्र भुक्तानी गरेमा चालु आ.व.को आयको रुपमा गणना गर्न सकिनेछ।

उमेश ढुङ्गाना
रजिष्ट्रार

८३. पुनर्तालिकीकरण गरिएका कर्जा सम्बन्धी विवरण २०८२ श्रावण मसान्तभित्र नियामक निकाय समक्ष पेश गर्नुपर्नेछ।

<u>कर्जा सुचना केन्द्र सम्बन्धी</u>

८४. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले नेपाल राष्ट्र बैंक २०५८ बमोजिम स्थापना भएको कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी ऋण कारोबारको सूचना आदानप्रदान गर्नुपर्नेछ।

८५. सदस्य सहकारी संस्थाले दश लाख रुपैयाँभन्दा बढी ऋण कारोबारको सूचना कर्जा सूचना केन्द्रलाई अनिवार्य उपलब्ध गराउनुपर्नेछ।

८६. सदस्य सहकारी संस्थाले समयमा ऋण नतिर्ने ऋणीको नाम प्रत्येक तीन महिनामा अनिवार्य रुपमा कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ।

<u>निक्षेप तथा कर्जा सुरक्षण कोष सम्बन्धी</u>

८७. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुले निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्य संस्थाको रुपमा सदस्यता लिनुपर्नेछ।

<u>सहकारी महासंघ र संघ सम्बन्धी</u>

८८. संघले आफ्ना सदस्यको संस्थाको नियम र विनियम पालनाको अवस्था, सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था, सदस्यहरुको सहभागिताको स्तर, आर्थिक, वित्तिय अवस्था, कोष परिचालन लगायतका विषयमा निरिक्षण तथा अनुगमन गरी सो को प्रतिवेदन कार्य सम्पन्न भएको तीन महिना भित्र रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकारप्राप्त अधिकारी समक्ष पेश गर्नुपर्नेछ।

८९. संघले अनुगमन गर्दा आफ्ना सदस्य संस्था वा संघको कामकारवाहीमा कुनै त्रुटी फेला परेमा त्यस्तो त्रुटी सच्याउन सम्बन्धित संस्था वा संघलाई सुझाव वा निर्देशन दिने तथा सुझाव वा निर्देशनको पालना नभएको अवस्थामा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकारप्राप्त अधिकारी समक्ष कारवाहीको लागि सिफारिस गर्नुपर्नेछ।

विद्युतीय उपकरण प्रयोग सम्बन्धी

९०. सहकारी संघसंस्थाहरुले नियामक निकायवाट स्वीकृत लिएर मात्र ATM, QR Code, Mobile Banking लगायतका विद्युतीय प्रविधि प्रयोग गर्नुपर्नेछ। यसरी सेवाप्रवाह गर्ने संघसंस्था र सो सेवा प्रदायकबीच भएको सम्झौताको प्रति नियामक निकायमा सम्झौता भएको मितिले १ (एक) महिना भित्र पेश गर्नुपर्नेछ।

९१. सफ्टवेयर प्रयोग गर्ने संस्थाहरुले आफ्ना काम कारवाही र कारोवार सम्बन्धी विवरण तथा अभिलेखहरु अध्यावधिक गरी सफ्टवेयरमा सुरक्षितसाथ राख्नुपर्नेछ। त्यस्तो विवरण नियमित रुपमा कोपोमिस प्रणालीमा समेत प्रतिवेदन गर्नुपर्नेछ।

९२. विद्युतीय माध्यमबाट कारोबार गर्ने संस्थाले अनिवार्य रुपमा आफ्नो डाटाबेस (Database) को सुरक्षाका लागि उचित प्रवन्ध गर्नुपर्नेछ।

९३. सफ्टवेयरमा ब्याज दर, हर्जाना, सेवा शुल्क, कर्जा र बचतको सीमा लगायत कानून बमोजिम व्यवस्थित हुने विषयहरुमा थप हेरफेर गर्न नमिल्ने गरी setup हुनुपर्नेछ।

९४. कुनै मनासिब कारण परी सञ्चालक समितिको निर्णय भएकोमा बाहेक प्रयोगमा रहेको सफ्टवेयर परिवर्तन गर्नुहुँदैन। यसरी परिवर्तन गर्नु परेमा पुरानो सफ्टवेयरबाट सम्पूर्ण डाटा स्थानान्तरण गरी नयाँ सफ्टवेयरमा सुरक्षित गरेर मात्र सञ्चालनमा ल्याउनु पर्नेछ।

गुनासो व्यवस्थापन सम्बन्धी

९५. संस्थाले गुनासो व्यवस्थापनको लागि कार्यविधि बनाई कार्यान्वयन गर्नु पर्नेछ। कार्यविधिमा मूख्य गरी गुनासोको दर्ता, अभिलेखीकरण, वर्गीकरण र गुनासो सम्बोधनको अवधि लगायतका विषय समावेश गर्नुपर्नेछ। नियामक निकाय वा सञ्चारमाध्यमबाट प्राप्त गुनासो तत्काल सम्बोधन गर्नुपर्नेछ।

विघटन र दर्ता खारेजी सम्बन्धी

९६. संस्थाको दर्ता खारेजी गर्नुपर्ने भएमा साधारण सभाको निर्णय सहित रजिष्ट्रार समक्ष पेश गर्नुपर्नेछ। दर्ता खारेजीको लागि निवेदन दिँदा संस्थाको सम्पत्ति र दायित्वको यथार्थ विवरण संलग्न गर्नुपर्नेछ।

९७. समस्याग्रस्त घोषित सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तान सम्बन्धी कार्यको राफसाफ गर्न सम्बन्धित संस्थाले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयलाई आवश्यक सहयोग गर्नुपर्नेछ।

विविध

९८. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीको संघ संस्थाको हकमा नेपाल राष्ट्र बैंक तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट अन्यथा निर्देशन तथा मापदण्ड जारी भएकोमा सोही बमोजिम र अन्य विषयहरु यसै निर्देशन बमोजिम हुनेछ।

९९. सहकारी बैंकको हकमा नेपाल राष्ट्र बैंकबाट निर्देशन तथा मापदण्ड जारी भएकोमा सोही बमोजिम र अन्य विषयहरु यसै निर्देशन बमोजिम हुनेछ।

१००. यस निर्देशनको परिपालना गर्नु गराउनु सहकारी संघसंस्थाको दायित्व हुनेछ। निर्देशनको पालना नगरेमा वा निर्देशन विपरित कार्य गरेको पाईएमा कानून बमोजिम कारवाही गरिनेछ।

खारेजी तथा बचाउ

१०१. विभागबाट मिति २०७९।०२।१२ मा सहकारी संघसंस्थालाई जारी एकीकृत निर्देशन खारेज गरिएको छ।

१०२. बुँदा नं १०१ बमोजिम खारेज गरिएको निर्देशन बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ।

२०८२।०३।३२
(उमेश ढुङ्गाना)
उमेश ढुङ्गाना
रजिष्ट्रार

नेपाल सरकार
सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

अनुसूचि-१

(बूँदा नं. २७ संग सम्बन्धित)

## सहकारी संघसंस्थाले जारी गर्नुपर्ने श्वेतपत्रको नमूना

.............................. सहकारी संस्था लिमिटेड

................................................. (ठेगाना)

.....................................(दर्ता नं.)

को

**श्वेतपत्र**

जारी मिति-

उमेश ढुङ्गाना
रजिष्ट्रार

संस्थाको संक्षिप्त परिचय *(संस्थाको नाम, ठेगाना, प्रकृति, कार्यक्षेत्र, सेवा केन्द्रहरु, दर्ता नं., पान नं., सम्पर्क नं., संस्थाको संक्षिप्त उद्देश्यसहित)*

..........................................................................................................................................................................
..........................................................................................................................................................................
..........................................................................................................................................................................
........................
..........................................................................................................................................................................
..........................................................................................................................................................................
..........................................................................................................................................................................
..........................................................................................................................................................................
........................

सञ्चालक समितिका सदस्यहरुको विवरण

निर्वाचित मिति:.........................................

| सि.नं. | नाम | बुवाको नाम | बाजेको नाम | ना.प्र.न., जारी जिल्ला र मिति | ठेगाना | शेयर रकम | बचत रकम | ऋण रकम र ऋण लगानी गरेको मिति | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

लेखा सुपरीवेक्षण समितिका सदस्यहरुको विवरण

निर्वाचित मिति:

| सि.नं. | नाम | बुवाको नाम | बाजेको नाम | ना.प्र.न., जारी जिल्ला र मिति | ठेगाना | शेयर रकम | बचत रकम | ऋण रकम र ऋण लगानी गरेको मिति | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

उमेश ढुङ्गाना
रजिष्ट्रार

नेपाल सरकार
सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

व्यवस्थापकको विवरण

नियुक्ति मिति:

| सि.नं. | नाम | बुवाको नाम | बाजेको नाम | ना.प्र.न., जारी जिल्ला र मिति | ठेगाना | शेयर रकम | बचत रकम | ऋण रकम र ऋण लगानी गरेको मिति | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

संस्थाको वर्तमान अवस्था

| सि.नं. | विवरण | मान |
|---|---|---|
| १ | जम्मा सदस्य संख्या | |
| २ | शेयर पूँजी | |
| ३ | जगेडा कोष | |
| ४ | घाटा पूर्ति कोष | |
| ५ | जम्मा बचत | |
| ६ | नियमित बचत | |
| ७ | जम्मा ऋण लगानी | |
| ८ | जम्मा ऋणी संख्या | |
| ९ | १२ महिनाभन्दा बढी भाखा नाघेको ऋण (खराब ऋण) | |

उमेश ढुङ्गाना
रजिष्ट्रार

| | | |
|---|---|---|
| १० | १२ महिनाभन्दा कम भाखा नाघेको ऋण (शंकास्पद ऋण) | |
| ११ | भाखा ननाघेको ऋण (असल ऋण) | |
| १२ | ऋण हानी कोष (LLP) मा गरेको व्यवस्था | |
| १३ | गत आ.व. को खूद नाफा/ कूल सञ्चित नोक्सानी | |
| १४ | जम्मा सम्पत्ति | |
| १५ | नकमाउने सम्पत्ति | |
| १६ | बाह्य ऋण | |
| १७ | तरलता रकम अंकमा | |
| १८ | पछिल्लो साधरण सभाको जम्मा उपस्थिति | |
| १९ | गत आ.व.मा विशेष साधरण सभा भएको भए जम्मा उपस्थिति | |
| २० | बिस्तारित मञ्चको संख्या र गत आ.व को जम्मा उपस्थिति | |

**स्थिर सम्पत्तिको विवरण** (घर, जग्गा, गाडी, मेशिनरी, फर्निचर आदिको विवरण छुट्टाछुट्टै राखे)

....................................................................................................................................................

....................................................................................................................................................

...................

**संस्थागत लगानीको विवरण** (लगानीका क्षेत्र/ परियोजना छुट्याई विवरण राखे)

....................................................................................................................................................

....................................................................................................................................................

...................

**संस्थाको भावी योजना** (मासिक कार्ययोजनासहितको व्यावसायिक योजना- Business Plan स्पष्ट खुलाई राखे)

.............................................................................................................................................................
.............................................................................................................................................................
..................

**संक्षिप्त टिप्पणी तथा प्रतिबद्धता** (संस्थाको वर्तमान समस्या/चुनौति तथा भविष्यमा आउनसक्ने सम्भावित चुनौतिको आँकलनसहित सो को व्यवस्थापनको लागि पूर्व तयारी/ अपनाईने रणनीति सहितको मार्गचित्र र संस्थाका सदस्यहरुलाई विश्वास दिलाउन सक्ने खालको संस्थागत सुशासन र कानून एवं मूल्य, मान्यता, सिद्दान्त परिपालनाको प्रतिबद्दता )

.............................................................................................................................................................
.............................................................................................................................................................
..................

निष्कर्ष

.............................................................................................................................................................
.............................................................................................................................................................
..................

नोट :

*श्वेत पत्रको प्रत्येक पानामा संचालक समिति, लेखा सुपरीवेक्षण समिति र व्यवस्थापकले दस्तखत गरी, संस्थाको छाप लगाई, संस्थाका सवै सदस्यले सजिलैसँग प्राप्त गर्न सक्ने माध्यम (वेबसाईट, सूचना पाटीं, सामाजिक सञ्जाल आदि) बाट उपलब्ध गराउनुपर्नेछ ।*

*नियामक निकायले मागेको अवस्थामा उपलब्ध गराउनुपर्नेछ ।*

......................................................................................................................................................

......................................................................................................................................................

...................

संक्षिप्त टिप्पणी तथा प्रतिबद्धता (संस्थाको वर्तमान समस्या/चुनौति तथा भविष्यमा आउनसक्ने सम्भावित चुनौतिको आँकलनसहित सो को व्यवस्थापनको लागि पूर्व तयारी/ अपनाईने रणनीति सहितको मार्गचित्र र संस्थाका सदस्यहरुलाई विश्वास दिलाउन सक्ने खालको संस्थागत सुशासन र कानून एवं मूल्य, मान्यता, सिद्दान्त परिपालनाको प्रतिबद्दता )

......................................................................................................................................................

......................................................................................................................................................

...................

निष्कर्ष

......................................................................................................................................................

......................................................................................................................................................

...................

नोट :

*श्वेत पत्रको प्रत्येक पानामा संचालक समिति, लेखा सुपरीवेक्षण समिति र व्यवस्थापकले दस्तखत गरी, संस्थाको छाप लगाई, संस्थाका सबै सदस्यले सजिलैसँग प्राप्त गर्न सक्ने माध्यम (वेबसाईट, सूचना पाटीं, सामाजिक सञ्जाल आदि) बाट उपलब्ध गराउनुपर्नेछ ।*

*नियामक निकायले मागेको अवस्थामा उपलब्ध गराउनुपर्नेछ ।*